# घरमा आगलागीबाट सुरक्षा



Norsk brannvernforening

brannvernforeningen.no

# अनिवार्य राख्नुपर्ने धुवाँ पत्ता लगाउने यन्त्र




हरेक घरमा प्रत्येक तलामा कम्तिमा पनि एउटा धुवाँ पत्ता लगाउने यन्त्र जडान गरिएको हुनुपर्छ। घरमा आगो लागेको अवस्थामा धुवाँ पत्ता लगाउने यन्त्रले पूर्व सूचना दिन्छ। सूचक घण्टीको आवाज सुत्ने कोठाको ढोका बन्द हुँदा कोठा भित्रैबाट सुन्न सकिने हुनुपर्छ। सामान्यतया, यन्त्रको ब्याट्री वर्षमा एकपटक अनिवार्य रूपमा फेर्नुपर्छ। परीक्षण गर्ने बटनमा थिचेर आफ्नो यन्त्रको सूचक घण्टी बज्छ कि बज्दैन भनेर नियमित रूपमा जाँच्नुहोस्।

# अनिवार्य रूपमा राख्नुपर्ने आगो निभाउने उपकरण







हरेक घरमा अनिवार्य रूपमा आगो निभाउन पानीको पाइपको व्यवस्था वा आगो निभाउने उपकरण (फायर इक्सटिङ्ग्विसर) हुनुपर्छ । तपाईँलाई सकेसम्म दुबै राख्न सिफारिस गरिन्छ । आगो निभाउने उपकरण सजिलै भेटिने ठाउँमा राख्नुपर्छ । भवनमा बस्ने सबैजनालाई सो उपकरण राखिएको ठाउँको बारेमा थाहा हुनुपर्छ । उपकरणको प्रयोग सम्बन्धी निर्देशनहरू ध्यानपूर्वक पढ्नुहोस् ।

# आगलागी हुन नदिने उपायहरू १









कुकर प्रयोग गर्दा त्यसलाई निगरानीमा राख्नुहोस् । खाना बनाउँदै गर्दा कतै जानुपरेमा वा कुनै अरू काम गर्नुपरेमा, स्टोभको सबै रिङ्गहरू निभाउनुहोस् । कुकरमा सूचक यन्त्र/स्वचालित रूपमा बन्द हुने यन्त्र जडान गर्नुहोस् । खुला आगोको ज्वाला प्रयोग गर्दा ध्यान दिनुहोस् । कहिले पनि कोठामा मैनबत्ती बालिराखेर बाहिर ननिसक्नुहोस् । बालेको मैनबत्तीलाई ज्वलनशील वस्तुहरूको छेउमा राख्नु हुँदैन । खरानीलाई सुरक्षित ठाउँमा फाल्नुहोस् । तातो खरानीलाई फोहोर फाल्ने टोकरीमा नफाल्नुहोस् ।

# आगलागी हुन नदिने उपायहरू २







घरबाट बाहिर निस्कनु वा सुत्नु अघि वासिङ मेसिन र टम्बल ड्रायरहरू सधैँ बन्द गर्ने गर्नुहोस् । घरमा विद्युतीय उपकरणहरू जडान वा मर्मत गर्न दक्ष बिजुली मिस्त्रीलाई मात्र अनुमति दिइएको छ । भवनमा जानाजान आगो लगाउँदा धेरैजसो अवस्थामा भवन निर्माण सामग्री, कार्डबोर्डका बाकस र यत्रतत्र छोडिएका रद्दी वस्तुहरू प्रयोग गरिएको पाइन्छ । सिंढी र फोहोर फाल्ने कन्टेनरमा ज्वलनशील वस्तुहरू छैनन् भनी सुनिश्चित गर्नुहोस् । फोहोर फाल्ने कन्टेनरहरूलाई भवनबाट टाढा राख्नुहोस् ।

# आगलागी हुँदा के गर्ने



**1) बचाउनुहोस्**

सबैजना सुरक्षित रूपमा बाहिर निस्किसकेका छन् भनी सुनिश्चित गर्नुहोस्। धुवाँ भएको ठाउँबाट भाग्दा खतरनाक हुन्छ। ढोकाहरू बन्द गर्नुहोस्। भेला हुने पूर्वनिर्धारित स्थानमा जानुहोस्।

**2) सूचना दिनुहोस्**

आकस्मिक नम्बर 110 मा फोन गरेर अग्नि नियन्त्रण विभागलाई सूचित गर्नुहोस्। आगो लागिरहेको भवनको सही ठेगाना दिनुहोस्।

**3) आगो निभाउने**

आगो धेरै ठूलो छैन भने, पानीको पाइप वा आगो निभाउने उपकरण प्रयोग गरेर आगो निभाउने प्रयास गर्नुहोस्। आफूलाई जोखिममा नपार्नुहोस्। धुवाँ एकदमै विषाक्त हुन्छ।

यी चरणहरूलाई पुरा गर्ने क्रम त्यस अवस्थाबारे तपाईंको मूल्याङ्कनले निर्धारण गर्छ। आगो लागेको अवस्थाको अभ्यास गर्नु नियमित रूपमा गर्नु उपयोगी हुन्छ ता कि के गर्ने भन्नेबारे सबैले अभ्यास गरेन सकोस्

यो ब्रोशुर Norwegian Fire Protection Association को वेबसाइट www.brannvernforeningen.no/brannsikker मा विभिन्न 30 भाषामा उपलब्ध छ।